चीनले विकास गर्यो विश्वकै सबैभन्दा ठूलो नवीकरणीय ऊर्जा प्रणाली

काठमाडौं। चीनले विश्वकै सबैभन्दा ठूलो नवीकरणीय ऊर्जा प्रणाली विकास गरेको छ । आफ्नो १४ औं पञ्चवर्षीय योजना (२०२१-२०२५) अवधिमा चीनले उक्त प्रणाली विकास गरेको हो ।

१५ औं पञ्चवर्षीय योजनाको तयारीसँगै चीनले पछिल्ला पाँच वर्षमा स्वच्छ ऊर्जा क्षेत्रमा हासिल गरेका उपलब्धिहरू सार्वजनिक गरेको हो । चीनले यसअघि सन् २०३० भित्र आफ्नो मुलुकलाई कार्बन उत्सर्जनको सर्वोच्च बिन्दुमा पुऱ्याउने र २०६० भित्र कार्बन निष्पक्षता (कार्बन न्युट्रालिटी) प्राप्त गर्ने लक्ष्य घोषणा गरेको थियो ।

त्यसपछि चीनले उक्त लक्ष्यलाई साकार पार्न अनेकौं महत्वाकांक्षी परियोजनाहरू अघि बढाएको छ । खासगरी याङ्त्से नदीको मुख्य धारमा छ वटा ठूला जलविद्युत् आयोजना निर्माण सम्पन्न गरिएको छ ।

त्यसैगरी, चीनको विशाल दक्षिण-पश्चिम तथा पश्चिमी भूभागमा सातवटा ठूलो स्तरका स्वच्छ ऊर्जा परियोजना सञ्चालनमा ल्याइएका छन् । यी स्थानमा उत्पादित ऊर्जा जनसफ्या घना रहेका पूर्वी तटीय क्षेत्रसम्म पुऱ्याउन अल्ट्रा-हाई भोल्टेज प्रसारण लाइन निर्माण गरिएको छ । ऊर्जा भण्डारणका लागि चीनले गुरुत्वाकर्षण आधारित ऊर्जा भण्डारण तथा वायु ऊर्जा भण्डारण जस्ता अत्याधुनिक प्रविधिको उपयोग गरेको छ, जसले नवीकरणीय ऊर्जाको प्रभावकारी उपयोगमा मद्दत गरेको छ । आगामी १५ औं पञ्च वर्षीय योजना अवधिमा पनि चीनले आर्थिक आधुनिकीकरण र वातावरणीय संरक्षणलाई सन्तुलनमा राख्दै नवीकरणीय ऊर्जा विकासलाई अझ तीव्र गतिमा अघि बढाउने संकेत गरेको छ ।

फिलिपिन्समा टाइफुन 'कलमेगी' को कहर, १४० जनाको मृत्यु र सयभन्दा बढी बेपत्ता

लिलोन, फिलिपिन्स । मध्य फिलिपिन्समा आएको विनाशकारी टाइफुन 'कलमेगी' ले कम्तीमा १४० जनाको ज्यान लिएको छ भने १२७ जना अझै बेपत्ता रहेको पुष्टि गरिएको छ । देशका विभिन्न भागमा आएको अभूतपूर्व बाढी र भूस्खलनका कारण ठूलो जनधनको क्षति भएको छ । यसैबीच, यो आँधी हाल भियतनामतर्फ अगाडि बढिरहेको छ ।

विपद् डेटाबेस इएम-डाटका अनुसार कलमेगी सन् २०२५ को अहिलेसम्मको सबैभन्दा घातक टाइफुन बनेको छ । गत वर्ष फिलिपिन्समै आएको ट्रामी तेस्रो सबैभन्दा घातक टाइफुन थियो, जसले १९१ जनाको ज्यान लिएको थियो । यसपटक, सेबु प्रान्तका सहरहरूमा आएको अभूतपूर्व बाढीले नदी किनारका झुपडीदेखि सवारीसाधन र ठूला ढुवानी कन्टेनरहरूसम्म बगाएको छ । बाढीका कारण जनजीवन पूर्णरूपमा अस्तव्यस्त बनेको छ ।

राष्ट्रिय नागरिक सुरक्षा कार्यालयका अनुसार बिहीबारसम्म ११४ जनाको मृत्यु पुष्टि गरिएको थियो, तर सेबु प्रान्तका अधिकारीहरूले थप २८ जनाको मृत्यु दर्ता गरेपछि कुल सफ्या १४० पुगेको छ । सेबु सहर नजिकैको लिलोन सहरमा मात्र ३५ वटा शव प्राप्त भएको छ । एएफपीका प्रत्यक्षदर्शी पत्रकारहरूले बाढीले कारहरू एक-अर्काको माथि थुप्रिएको, घरका छत भत्किएका र बासिन्दाहरूले माटो र भग्नावशेषबाट आफ्ना प्रियजनलाई खोज्ने हतास प्रयास गरिरहेको दृश्य देखेका छन् ।

स्थानीय बासिन्दा क्रिस्टिन एटोनले आफ्नी अपाङ्ग बहिनी मिशेललाई बाढीको पानीले बगाउँदा बचाउन नसकेको दुःखद अनुभव सुनाउनुभयो । "हामीले ढोका फुटाउन भान्साको चक्कु र क्रोबार प्रयोग गऱ्यौं तर त्यसले काम गरेन । फ्रिज बग्न थाल्यो । म र मेरा बुबा तैरेर बाहिर निस्क्यौं तर मेरी बहिनी फँसिन्", आँखा रसाउँदै उहाँले भन्नुभयो, "बुबाले भन्नुभयो, 'यदि हामी फर्क्यौं भने हामी सबै मर्छौं ।'" अर्का बासिन्दा, दुई सन्तानका पिता चिरोस रोआले भन्नुभयो, "हाम्रो कुकुरको भोको आवाजले हामीलाई बचायो । पानी घरमा पस्दा हामी छतमा पुगेका थियौं । तर उद्धारका लागि बोलाउँदा कोही पनि आएनन्–हामीले सुनेका थियौं, केही उद्धारकर्ताहरू करेन्टमा परेका रहेछन् ।"

राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले 'राष्ट्रिय विपत्तिको अवस्था' घोषणा गर्दै राहतका लागि सरकारी कोष खोल्ने तथा आवश्यक सामग्रीहरूको मूल्यमा सीमा तोक्ने आदेश दिनुभएको छ । राज्य मौसम विज्ञ बेनिसन एस्टारेजाले भन्नुभयो, "कलमेगीले सेबुमा सामान्यतया नोभेम्बर महिनामा पर्ने वर्षाको भन्दा १।५ गुणा बढी पानी पऱ्यो । यस्तो घटना करिब 'हरेक २० वर्षमा एकपटक' मात्र देखिन्छ ।" उहाँका अनुसार सेबुको अत्यधिक सहरीकरणले बाढीको क्षति अझै भयावह बनाएको हो ।

स्थानीय व्यापारी रेनाल्डो भर्गारा भन्नुहुन्छ, "बिहान ४-५ बजेतिर पानीको बहाव यति शक्तिशाली थियो कि बाहिर निस्कनै सकिँदैनथ्यो । मैले यस्तो दृश्य जीवनमा कहिल्यै देखेको थिइनँ ।" उहाँको पसल पूर्ण रूपमा नष्ट भएको छ । प्रान्तीय गभर्नर पामेला बारिकुएट्रोले एक रेडियो अन्तर्वार्तामा अवस्थालाई 'अभूतपूर्व' भन्दै जनतालाई उच्च सतर्क रहन आग्रह गर्नुभयो । वैज्ञानिकहरूका अनुसार मानवसिर्जित जलवायु परिवर्तनका कारण हालका टाइफुनहरू अझ शक्तिशाली र विनाशकारी बन्दै गएका छन् । तातो महासागरहरूले आँधीलाई द्रुत रूपमा बलियो बनाउँछन् र तातो वायुमण्डलले बढी आर्द्रता राख्ने भएकाले वर्षा असामान्य रूपमा तीव्र हुन्छ ।

यता, कलमेगी बिहीबार साँझसम्म भियतनामतर्फ बढ्दै गएको छ । टाइफुनको हावाको गति बढ्दै गएको र यसले मध्य भियतनाममा आठ मिटर अग्लो छाल र शक्तिशाली वर्षा ल्याउने अनुमान गरिएको छ । भियतनामका उपप्रधानमन्त्री ट्रान होङ हाले स्थानीय प्रशासनलाई कलमेगीलाई 'तत्काल र खतरनाक आपत' का रूपमा लिँदै पूर्वतयारीका सम्पूर्ण कदम चाल्न निर्देशन दिनुभयो ।

बिहारमा मतदान, प्रधानमन्त्री मोदीका लागि 'लोकप्रियताको परीक्षा'

पटना (भारत) । भारतको पूर्वी राज्य बिहारमा बिहीबार जारी विधानसभा निर्वाचनलाई प्रधानमन्त्री नरेन्द्र मोदीका लागि राजनीतिक 'लोकप्रियताको परीक्षा' का रूपमा हेरिएको छ । देशको प्रभावशाली राज्यहरूमध्ये एक बिहारमा भएको यो निर्वाचनले मोदीको नेतृत्वमा रहेको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) को प्रभाव र जनसमर्थन कति मजबुत छ भन्ने सङ्केत गर्ने अपेक्षा गरिएको छ ।

दुई चरणमा सम्पन्न मतदानअन्तर्गत २४३ सिटका लागि बिहारभरका मतदान केन्द्रहरूमा लाखौं मतदाताहरू लामबद्ध भएर मतदान गरिरहेका छन् । बेरोजगारी, कान'न र व्यवस्थाको समस्या तथा मतदाता सूची संशोधनमा देखिएको अनियमितता सम्बन्धी सार्वजनिक असन्तुष्टिका बचि सम्पन्न यो निर्वाचनको परिणाम नोभेम्बर १४ मा सार्वजनिक गरिने छ । परिणामले मोदीको नेतृत्वमा रहेको एनडिएले आफ्नो प्रभुत्व कायम राख्न सक्छ वा शासन र अर्थतन्त्रका प्रश्नमा असन्तुष्ट जनताले विपक्षी गठबन्धनलाई समर्थन जनाउँछन् भन्ने सङ्केत गर्ने छ ।

मोदीका लागि बिहारको राजनीतिक अर्थ

बिहारलाई लामो समयदेखि भारतको राजनीतिक 'अग्रदूत' अर्थात् राजनीतिक रुझान बताउने राज्यका रूपमा हेरिन्छ । यही कारणले यो चुनाव प्रधानमन्त्री मोदीका लागि अत्यन्तै महत्त्वपूर्ण ठहरिएको हो । । सन् २०२९ को आम निर्वाचन र त्यसअघि हुने उत्तर प्रदेश, पश्चिम बङ्गाल तथा असमका राज्य चुनावहरूलाई ध्यानमा राख्दै मोदीले बिहारमा जितद्वारा आफ्नो राजनीतिक गति कायम राख्ने प्रयास गरिरहनुभएको छ ।

बिहारले भारतीय संसद्को तल्लो सदनमा ४० जना सांसद पठाउँछ । यसकारण यहाँको जितले मोदीको सङ्घीय गठबन्धनलाई बलियो बनाउनेछ भने हारले विपक्षी दलहरूलाई नयाँ ऊर्जा प्रदान गर्न सक्छ । नयाँदिल्लीका राजनीतिक विश्लेषक सिद्धार्थ मिश्राले भन्नुभयो, "यो चुनाव केवल गठबन्धनका लागि मात्र होइन, सत्ता समीकरणका लागि निर्णायक छ । यदि मोदीको नेतृत्वमा रहेको एनडिए असफल भयो भने त्यसले केन्द्रमा रहेको उहाँको सरकारको स्थायित्वमा पनि प्रश्न उठाउन सक्छ ।"

गत वर्षको सङ्घीय चुनावमा भाजपाले पूर्ण बहुमत नपाएपछि जनता दल (युनाइटेड) र लोक जनशक्ति पार्टी (रामविलास) सँग मिलेर सरकार गठन गरेको थियो । यी दलहरू अहिले बिहारमा पनि मोदीका प्रमुख साझेदारका रूपमा रहेका छन् ।

विपक्षी दलहरूको चुनौती र मतदाता असन्तुष्टि

बिहारमा सत्तारूढ गठबन्धनको नेतृत्व जनता दल (युनाइटेड) का मुख्यमन्त्री नितिश कुमारले गर्नुभएको छ । जनता दल (युनाइटेड) प्रमुख सहयोगी दल भारतीय जनता पार्टी (भाजपा) हो । ७४ वर्षीय कुमार करिब दुई दशकदेखि राज्यको नेतृत्वमा रहँदै आउनुभएको छ । उहाँलाई राज्यको पूर्वाधार विकास र कानुन-व्यवस्थामा सुधारको श्रेय दिइन्छ ।

एक समय मोदीका राजनीतिक प्रतिद्वन्द्वी रहेका कुमार पछिल्ला वर्षहरूमा पुनः एनडिएमा फर्किनुभएको हो । राजनीतिक विश्लेषकहरूले भनेका छन्, "यदि बिहारमा एनडिए पराजित भयो भने, कुमारको दलभित्र विभाजन हुने सम्भावना बढ्ने छ र त्यसले मोदी सरकारको सङ्घीय स्थायित्वमा पनि असर पार्न सक्छ ।"

नयाँदिल्लीका राजनीति विज्ञ प्राध्यापक रवि रञ्जनका अनुसार यो चुनावले बिहारको नेतृत्व मात्र नभई, सङ्घीय सत्ता सन्तुलनलाई समेत प्रभावित गर्न सक्छ । विपक्षमा कांग्रेससँग गठबन्धन गरेको राष्ट्रिय जनता दल (राजद) चुनावी मैदानमा छ । मोदीका पूर्व चुनाव प्रबन्धक प्रशान्त किशोरले बनाएको नयाँ राजनीतिक समूह 'जन सुराज' पनि प्रतिस्पर्धामा उत्रिएको छ । कांग्रेसका नेता राहुल गान्धीले हालै निर्वाचन आयोगमाथि मतदाता सूचीको संशोधनलाई राजनीतिक लाभका लागि गरिएको भन्दै आलोचना गर्नुभएको छ ।

जुनदेखि राज्यका करिब सात करोड ४० लाख मतदातामध्ये करिब १० प्रतिशतको नाम सूचीबाट हटाइएको बताइन्छ । विपक्षी दलहरूले यस कदमले गरिब र अल्पसफ्यक समुदायलाई मताधिकारबाट वञ्चित गरेको आरोप लगाएका छन् । निर्वाचन आयोगले भने जनसाफ्यिकीय परिवर्तन, बसाइसराइ र मृत्युका कारण सूची संशोधन आवश्यक रहेको स्पष्ट पारेको छ ।

आर्थिक चुनौती र मतदाताको अपेक्षा

बिहार कृषि प्रधान र भारतको सबैभन्दा आर्थिक रूपमा कमजोर राज्यहरूमध्ये एक हो । यहाँ करिब १३ करोड जनसफ्या रहेको छ । रोजगारी सिर्जना र आर्थिक समृद्धि दुवै पक्षका मुख्य चुनावी मुद्दा बनेका छन् । भाजपा गठबन्धन र विपक्षी दलहरूले लाखौं सरकारी रोजगारी सिर्जना गर्ने वाचा गरे पनि अर्थशास्त्रीहरूले राज्यको कमजोर आर्थिक अवस्थालाई देखाउँदै त्यसको व्यवहारिकता माथि शङ्का व्यक्त गरेका छन् ।

सेप्टेम्बर महिनामा प्रधानमन्त्री मोदीले महिला मतदाताहरूलाई लक्षित गर्दै ७५ लाख महिलालाई रोजगार कार्यक्रमअन्तर्गत १० हजार भारतीय रुपियाँ (झन्डै ११३ अमेरिकी डलर) नगद सहायता प्रदान गर्नुभएको थियो । बिहारमा पुरुषहरू प्रायः रोजगारीका लागि बाहिरिने भएकाले महिलाहरू निर्णायक मतदाता समूहका रूपमा रहेका छन् । मुम्बईस्थित टाटा इन्स्टिच्युट अफ सोसल साइन्सेजका पूर्व प्राध्यापक तथा सामाजिक-अर्थशास्त्री पुष्पेन्द्र कुमार भन्नुहुन्छ, "बिहारको यो चुनावले राज्यको विरोधाभासलाई प्रस्ट पार्छ–जनसफ्याको ठुलो हिस्सा गरिबीमा बाँचिरहेको छ, तर सत्तारूढ गठबन्धनले राज्यलाई विकासको बाटोमा राखेको दाबी गर्छ ।"

मोफसल

हिमालपारिको गाउँ लिमीमा ७५ प्रतिशत खेतीयोग्य जमिन बाँझो

हुम्ला । नाम्खा गाउँपालिका-६ को हिमालपारिको गाउँ लिमीमा ७५ प्रतिशत खेतीयोग्य जमिन बाँझो छ । केहीले गाउँ छोडेर जानु र बाँकीमध्ये अधिकांशले खेतीपाती गर्नुभन्दा पनि चीनको ताक्लाकोट गएर काम तथा व्यापार गर्दा बढी फाइदा हुने भन्दै आफ्नो खेतीयोग्य जग्गा बाँझो राखेको हो।

लिमीका तीन गाउँमध्ये सबैभन्दा बढी मानिस बस्दै आएको हल्जी गाउँका फुन्जोक लामाले गत वर्षसम्म सबै जग्गामा खेती गर्ने आफ्नो गाउँवासीले यस वर्ष जम्मा २५ प्रतिशत जग्गामा खेती लगाएको बताए। उनले हालसम्म तीन घरधुरीले मात्र गाउँ छाडेको र बाँकी स्थानीयले पनि खेती गर्नुभन्दा चीनको ताक्लाकोटमा गएर काम गर्दा बढी फाइदा हुने बताए। उवा र नाफल राम्रो उत्पादन हुने हल्जी गाउँको खेतीयोग्य जमिन बाँझो रहन थालेकोमा उनले चिन्तासमेत व्यक्त गरे। हल्जी गाउँमा ९२ घरधुरी छन्। गाउँमा बस्ने ज्येष्ठ नागरिक र बालबालिका मात्र बस्दै आएका छन्।

त्यसैगरी, तिल गाउँका स्थानीय काछोमु तामाङ पनि अधिकांश खेतीयोग्य जग्गा बाँझो रहेको बताए। उनले गाउँ छोड्ने तिलका स्थानीय बढ्दै जानु र बाँकी पनि कामका लागि ताक्लाकोट जाने संफ्या बढेको कारण खेतीपाती गर्न छोडिएको बताए । उवा राम्रो फल्ने तिलको जग्गामा हाल अधिकांश जमिन बाँझो र झारपात उम्रेर जग्गै नभएजस्तो देखिँदै आएको छ। ६३ घरधुरी रहेको तिल गाउँमा हाल २३ घरधुरी मात्र बस्दै आएको र बस्नेमध्ये पनि वृद्धवृद्धा र तीन जना बालबालिका मात्र गाउँमा बस्दै आएका छन्।

यता, ४४ घरधुरी भएको जाङ गाउँमा पनि हाल तीन घरधुरी मात्र बस्दै आएका छन्। उनीहरूले पनि उवा बाली नलगाएर आलु र साग मात्र फलाएको उक्त गाउँका नैक्याप तामाङले बताए। उनले खेती गरेर आठ महिना खाना नपुग्ने भएपछि हाल गाउँमा बस्दै आएका पनि खेती छोडेर ताक्लकोटमा काम गर्न गरेका छन्।

खेती गरेर खाना पुग्ने र नपुग्ने परिवार पनि अब खेती भन्दा पनि ताक्लाकोट गएर काम गरेर कमाई गर्दा फाइदा हुने देखेपछि जग्गा बाँझिएको लिमीका वडाध्यक्ष पाल्जोर तामाङको भनाइ छ। लिमीमा खेतीयोग्य जमिनमध्ये ७५ प्रतिशत जग्गा बाँझो छ । गत वर्षसम्म लिमीका तीन गाउँमध्ये जाङमा मात्र खेतीयोग्य जग्गा बाँझो रहने गरेको थियो ।

हुम्लाको छत्रपाल आधारभूत विद्यालयमा आगलागी

हुम्ला । हुम्लाको अदानचुली गाउँपालिकास्थित छत्रपाल आधार भूत विद्यालय आगलागी भएको छ । बुधबार राति ८ बजे माथिल्लो तलाको भ्यालबाट आगलागी सुरू भएको थियो ।

अगालागी भएको विद्यालयको भवन पूर्ण रुपमा जलेर नष्ट भएको छ । विद्यालयको मूल गेटमा रहेको भवनमा अफिस कोठासमेत थियो । कार्यालय भवनमा आगालागी हुँदा विद्यायमा रहेका सम्पूर्ण कागजात जलेर नष्ट भएका छन् । सोलार एक सेट, २ थान ल्यापटप, २ थान डेस्टप, २ वटा प्रिन्टर, २ वटा दराजलगायतका सामान नष्ट भएको जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ । जिल्ला प्रहरी कार्यालय हुम्लाका डिएसपी शंकर पोखरेलले क्षति थप विवरण आउन बाँकी रहेको बताए ।

सुदूरपश्चिममा पहिलोपटक ११ करोड दीप प्रज्वलन

धनगढी । सत्य सेवा प्रतिष्ठानद्वारा आयोजित शिवपुरी धर्म उत्सव तथा चातुर्मास अनुष्ठानको समापन कार्यक्रममा ऐतिहासिक रूपमा ११ करोड दीप प्रज्वलन गरिएको छ । सुदूरपश्चिमको इतिहासमै पहिलोपटक यति ठूलो संख्यामा दीप प्रज्वलन गरिएको हो । भक्तजनहरूको धार्मिक आस्था, श्रद्धा र विश्वासको प्रतीकस्वरूप गरिएको दीप प्रज्वलनले शान्ति, समृद्धि र सकारात्मक ऊर्जा फैलाउने विश्वास गरिएको छ । धार्मिक अनुष्ठान शिवपुरी उत्तर रामेश्वर ज्योति लिंग धाममा सम्पन्न भएको थियो । समापन समारोहमा हजारौं श्रद्धालु भक्तजनहरूको उपस्थितिमा ११ करोड दीप बालेर धर्म, संस्कृति र आस्थाको अद्वितीय एकता प्रदर्शन गरिएको आयोजक प्रतिष्ठानले जनाएको छ ।

ट्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु

बझाङ । बझाङमा ट्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ।थालारा गाउँपालिका-२ काँडास्थित भित्री सडक खण्डमा सुदूरपश्चिम प्रदेश ०१-००२ त ५७२४ नम्बरको ट्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृत्यु हुनेमा थलारा-२ का ६० वर्षीय पमले खाती र ६२ वर्षीय जसे खातीको घटनास्थलमै मृत्यु भएको बझाङ प्रहरीले जनाएको छ। एनका अनुसार ट्याक्टर चालक कैलालीको गोदावरी नगरपालिका-४ का ४५ वर्षीय खुशीराम चौधरी गम्भीर घाइते भएका छन् ।

साउदीको जागिर त्यागेर समोसा बेच्दैछन् राजन

मुगु । जुम्लाको कनका सुन्दरी-३ गौरीगाँउका बर्ष ३२ का राजन बुढा तीन बर्ष साउदी बसेर नेपाल फर्किएपछि पासपोर्ट त्यागेर समोसा बेच्न थालेका छन् । समसा व्यवसायबाट उनलाई राम्रो आम्दानी समेत मिलेको छ ।

पछिल्लो समयमा नेपालमा बढ्दो बेरोजगारहरुको संख्या र रोजगारको अवसर नपाएपछि दैनिक विदेश जानेको संख्या बढीरहेका बेला राजन उदाहरणको पात्रका रुपमा दरिएका हुन् । 'तीन बर्षको साउदी बसाईमा नेपालीहरुले भोग्नुपरेको समस्याहरु देखें । जसका कारण मलाई स्वदेशमै केही गर्नुपर्छ भन्ने जुक्ति फुरेको हो,' उनले भने ।

उनले कनका सुन्दरी गाँउपालिकामा रहेको गोठीज्यूला बजारमा आलुका बिचिन्न परिकार र समसा बिक्री गरेर दैनिक पाँच हजारसम्मको कारोवार गर्ने गरेका छन् ।

Prasauni Rural Municipality
Office of The Rural Municipal Executive
Prasauni, Bara, Madhesh Pradesh, Nepal

Invitation for Online Bids

Date of Publication: 2082/07/21 (2025/11/07)

1. **Prasauni Rural Municipality, Prasauni,Bara** invites electronic bids from eligible bidders under National Competitive Bidding procedures for the following works.

S. No.	Contract ID No.	Project Name	Estimated Amount With Vat & Ps (Nrs.)	Bid security (Nrs.)	Bid Fee (Nrs.)	Pre-bid Meeting	Last Date Of Bid Submission (Date & Time)	Bid Opening (Date & Time)
1	PRM/NCB/W/02/2082/083	Nirmit Guruyojanaka Aadharma Sthaniya tahko Sajhedarima Bidhyalaiko Vautik Nirman Anudan antargat Gyan jyoti School ma Vawan nirman karya,Ward No.1	1,07,19,486.53	3,00,000.00	3000.00	2082/08/05 (2025-11-21) on 14:00 Hrs	2082/08/21 (2025-12-07) on 12:00 Hrs	2082/08/21 (2025-12-07) on 14:00 Hrs

2. For further details bidders are requested to visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. The office reserves right to accept or reject any or all bids without assigning reasons,whatsoever.

Chief Administrative Officer